निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

मिति : २०८१/०८/०९

ने.सं. ११४५, कछलागा, ९ आइतबार

## प्रेस विज्ञप्ती

### निर्वाचन कानून तथा आचारसंहिता विपरितका कार्यमा सवारी साधन प्रयोग नगर्ने सम्बन्धमा।

मिति २०८१ मंसिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनको लागि निर्वाचन प्रचार प्रसारको अवधि सुरु भई राजनीतिक दल तथा उम्मेदवारहरूबाट निर्वाचन प्रचार प्रसाको कार्य भइरहेको छ। उपनिर्वाचन प्रचार प्रसार लगायतका कार्यमा निर्वाचन आचारसंहिताको पालना गर्न/गराउन राजनीतिक दल, उम्मेदवार र सम्बन्धित निकायलाई आयोगबाट निर्देशन समेत भइसकेको छ। यसै बीच सवारी साधनमा लाउड स्पीकर समेतको प्रयोग गरी निर्वाचन प्रचार प्रसारका कार्यहरू भइरहेको भन्ने सूचना आएको हुँदा यस्ता सवारी साधन कब्जामा लिई आवश्यक कानूनी कारवाही गर्न स्थनीय प्रशासनलाई निर्देशन दिइ सकिएकोले आचारसंहिता विपरित हुने यस प्रकारको कार्य नगर्नु हुन सम्बन्धित सबैमा पुनः स्मरण गराइन्छ।

निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५(१) मा निर्वाचन प्रचार प्रसारको सिलसिलामा राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको संख्या भन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गर्न वा गराउनु हुँदैन भन्ने प्रावधान उल्लेख छ। यस विपरितको कार्य गर्नेलाई आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले रु.२५,०००।-(पच्चीस हजार)सम्म जरिवाना गर्न सक्ने र जरिवाना गर्ने अधिकारीले त्यसरी प्रयोग भएको सवारी साधन निर्वाचन अवधिभरको लागि कब्जामा लिन सक्ने कानूनी व्यवस्था भएको हुँदा निर्वाचन कानून विपरितको कार्यमा प्रयोग हुने गरी सवारी साधन प्रयोग नगर्नु हुन वा प्रयोग गर्न नदिनु हुन सम्बन्धित सवारी धनी, चालक तथा सरोकारवाला सबैमा जानकारी गराइएको छ।

...............................

नीता पोखरेल अर्याल

(सहसचिव तथा प्रवक्ता)

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np